दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७६/०६/१०)

यस दक्षिणकाली नगरपालिकाको लागि देहाय बमोजिमका पदमा देहाय बमोजिमको संख्या र योग्यता भएका प्राविधिक कर्मचारी ६ महिनाको लागि सेवा करारमा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.dakshinkalimun.gov.np बाट उपलब्ध हुनेछ ।

<u>तपसिल</u>

| क्र.सं | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | मासिक तलव स्केल | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०४/२०७६/०७७ | सव-इन्जिनियर सिभिल | सहायकस्तर पाँचौ | १ | स्यानीय कानून अनुसार | ४०० |
| 2. | ०५/२०७६/०७७ | असिस्टेन्ट सव-इन्जिनियर सिभिल | सहायकस्तर चौथो | ५ | " | ३०० |

**क) शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिक हुनु पर्नेछ ।

२. क्र.सं. १. को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको हुनु पर्नेछ।

३. क्र.सं. २. को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस एल सी वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट टि.एस.एल.सी. उत्तिर्ण गरेको हुनु पर्नेछ ।

४.पुरुषको हकमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।

**ख) दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :**

१. उम्मेद्वारको व्यक्तिगत विवरण, २. शैक्षिक योग्यताको प्रतिलिपी, ३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी। पेश गरिने सबै कागजातको प्रतिलिपीमा पछाडी उम्मेद्वार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।समकक्षता चाहिनेको हकमा समकक्षता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ । लिखित तथा अन्तर्वार्ताको परीक्षा मिति पछि प्रकाशित गरिनेछ ।

**ग) परीक्षा किसिम :**

संक्षिप्त सूची प्रकाशन र अन्तरवार्ता

सम्पर्क मिति : २०७६/०६/२५

**घ) आवेदन दिने तरिका :** आवश्यक कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, फर्पिङ्ग शाखामा खोलिएको यस नगरपालिकाको सञ्चित कोष खाता नं.१२००३०४०१८१०२ मा जम्मा गरि सक्कल भौचर अथवा नगरपालिकाको राजश्व शाखामा नगद तिरी प्राप्त नगदी रसिदको सक्कल संलग्न राखी दरखास्त फारम भरी आवेदक स्वयम्ले आवेदन दिनु पर्नेछ ।

**ङ) अन्य:**

१. कर्मचारी छनौट गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार दक्षिणकाली नगरपालिकामा निहित हुनेछ ।

२. असिस्टेन्ट सव-इन्जिनियर र सब-इन्जिनियर छनौट पश्चात नगरपालिका र नगरपालिका अन्तर्गतको वडा कार्यालयमा रही कामकाज गर्नुपर्नेछ ।

३. बिदा लगायत अन्य सेवा तथा सुविधाको हकमा नगरपालिकासंग हुने करार सम्झौता बमोजिम हुनेछ ।

४. सूचनामा उल्लेख भए बाहेकका अन्य आवश्यक कुराहरु उम्मेद्वार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. थप जानकारीको लागि नगरपालिकाको सम्पर्क नं.०१-४७१००२८ मा सम्पर्क गर्न सक्नु हुनेछ वा नगरपालिकाको ईमेल : info@dakshinkalimun.gov.np मा ईमेलद्वारा समेत बुझ्न सक्नु हुनेछ ।

६. अन्य कुराहरु दक्षिणकाली नगरपालिकाको करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत